म.नि. प्र. का. द.नं. : १७६ / ०६८, वर्ष ११, अंक १५५ बुधवार, २८ पुस २०७८ दशमी ने. सं. ११४२ पोहेलाख्व 12 January, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

अब महिलाहरुको लागि महिला रोग विशेषज्ञ
डा. ज्योति मुडवरी मात्र देउराली फर्मामा
त्यसैले आज नै सम्पर्क गरौं
सम्पर्कः देउराली फर्मा
फोन: ०५७-२५८६३, ९८६५०१२५८८
९८४५८८३५३३
साथै हामीकहाँ दैनिक हार्ड जोर्नी तथा नशा रोग विशेषज्ञ डाक्टरको पनि उपलब्ध छ ।

मकवानपुरमा कोरोना संक्रमित दिनप्रति दिन बढ्दै

स्वास्थ्य पूर्वाधार र अक्सिजनको व्यवस्था गर्न प्रशासनको आग्रह

साझाकुरा संवाददाता

हेटौंडा/जिल्ला प्रशासन कार्यालय मकवानपुरले जिल्लामा कोरोना भाइरस संक्रमितको संख्या दिनप्रति दिन बढ्दै गएका कारण स्वास्थ्य पूर्वाधार र अक्सिजनको व्यवस्था गर्न आग्रह गरेको छ ।

प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेको अध्यक्षतामा बसेको बैठकले कोरोना नियन्त्रणका लागि स्वास्थ्यका मापदण्ड पालना गर्न र गराउनका लागि पनि सबैले आ-आफ्नो तर्फबाट प्रतिबद्धता गर्नाका साथै आम नागरिकमा स्वास्थ्यमापदण्ड अवलम्बन गर्न आग्रह गरेको हो ।

जिल्लाभित्र कोभिड-१९ संक्रमितको संख्या क्रमिक बृद्धि हुँदै गइरहेकाले सबै क्षेत्रलाई जनस्वास्थ्यका मापदण्डपालना गरी उच्च सतर्कता अपनाउन आह्वान गर्ने निर्णय गरिएको हो । सबै स्थानीय तहले आ-आफ्नो पालिकामा बृहद रुपमा खोप अभियान सञ्चालन गरी नागरिकमा खोप लगाउने व्यवस्था प्रभावकारीरुपमा मिलाउने व्यवस्थाका साथै कोरोना परीक्षणको दायरासमेत बढाउनु पर्नेमा बैठकले जोड दिएको छ ।

कोभिड-१९ को सम्भावित तेस्रो लहरलाई मध्यनजर गर्दै सबै स्थानीय तहले स्वास्थ्यका पूर्वाधार, जनशक्ति र अक्सिजनको व्यवस्था गरी पूर्व तयारीको अवस्थामा रहनुपर्नेमा जोड दिइएको छ । प्रवाह हुने सरकारी सेवालाई खोप अभियानसँग जोड्न सरकारी कार्यालय एवं सार्वजनिक संस्थानले सेवाग्राहीले कोभिड-१९ विरुद्धको खोप लगाए-नलगाएको यकिन गर्न र खोप नलगाएको पाइएमा लगाउन अनुरोध गर्नुपर्ने जनाइएको छ ।

मंगलबार एकैदिन थपिए ५८ संक्रमित

हेटौंडा/मकवानपुरमा कोरोना भाइरस संक्रमितको संख्या बढ्दो छ ।

जिल्लामा मंगलबार एकैदिन ५८ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । जिल्लामा पछिल्लो २४ घण्टामा ९८ जनाको पीसीआर र एन्टिजेन परीक्षण गर्दा उनीहरुमा कोरोना संक्रमण पुष्टि भएको जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

स्वास्थ्य कार्यालयका अनुसार, संक्रमण पुष्टि हुनेमा सबैभन्दा धेरै हेटौंडा उपमहानगर पालिकाका रहेका छन् । हेटौंडामा ३७ जनामा संक्रमण पुष्टि भएको हो । यसैगरी थाहा नगरपालिकाका एक जना र मनहरी गाउँपालिकाका २० जनामा कोरोना पुष्टि भएको छ । जिल्लामा कोरोना संक्रमण पुष्टि हुनेको कुल संख्या १५ हजार ७ सय २ जना पुगेको छ ।

यस्तै, जिल्लामा पछिल्लो २४ घण्टामा ४ जना संक्रमणमुक्त भएका छन् भने संक्रमणबाट कुनै पनि व्यक्तिको मृत्यु भएको छैन । जिल्लामा हालसम्म संक्रमणमुक्त हुनेको कुल संख्या १५ हजार ३ सय ३० जना पुगेका छन् । जिल्लामा हालसम्म संक्रमणका कारण १६७ जनाको मृत्यु भएको छ ।

जिल्लामा हालसम्म हेटौंडाका १ सय १९ जना, थाहानगर पालिकाका ९ जना, मकवानपुर गढीका ५ जना, बागमतीका ४ जना, कैलाशका २ जना, मनहरीका १४, भीमफेदीका ७, बकैयाका ५ जना र राक्सिराङ गाउँपालिकाका २ जनाको मृत्यु भएको छ । जिल्लाको इन्द्रसरोवर गाउँपालिकामा भने कोरोना संक्रमणका कारण हालसम्म कुनै पनि व्यक्तिको मृत्यु नभएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

पछिल्लो २४ घन्टामा देशभर थप दुई हजार चार सय ४४ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । स्वास्थ्य मन्त्रालयका अनुसार १० हजार ६ सय ४८ जनामा पिसिआर र चार हजार तीन ८५ जनामा एन्टिजेन गरी १५ हजार ३३ जनामा कोरोना परीक्षण गरिएको थियो । संक्रमणका कारण २४ घन्टामा थप एकजनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ ।

मंगलबार देखिएको तथ्यांक सोमबार देखिएको तथ्यांकभन्दा झन्डै दोब्बर हो । सोमबार एक हजार चार सय ४६ जनामा संक्रमण पुष्टि भएको थियो । त्यस्तै, पछिल्लो २४ घन्टामा तीन सय १३ जना संक्रमित निको भएका छन् । हाल देशभर सक्रिय संक्रमितको संख्या नौ हजार पाँच सय २२ जना रहेको छ ।

जिल्लामा पुनः कोरोना भाइरसको संक्रमण बढ्दै गएकाले सबै क्षेत्रमा जनस्वास्थ्यका मापदण्ड पूर्णरुपमा पालना गरी उच्च सतर्कता अपनाउन प्रजिक पाण्डेले अनुरोध गर्नुभएको छ । जिल्लामित्र कोभिड-१९ को संक्रमणको जोखिम नियन्त्रण एवं न्यूनीकरण गर्न, जनजीवनलाई सामान्य तुल्याई राख्न, बढी भीड हुने गतिविधि नगर्न, भौतिक दुरी कायम गर्न र मास्क प्रयोग गर्न गराउन पनि अपिल गरिएको छ ।

ग्रामीणको सामाजिक परीक्षण

साझाकुरा संवाददाता

हेटौंडा/ग्रामीण महिला सेवा केन्द्र हेटौंडाले आर्थिक वर्ष २०७७/०७८ को सामाजिक परीक्षण गरेको छ ।

हेटौंडा उपमहानगर पालिकाका प्रमुख हरि बहादुर महतको प्रमुख आथितयतामा कार्यक्रम भएको हो । ग्रामीण महिला सेवा केन्द्रकी अध्यक्ष उर्मिला काकीको सभाध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरकी उपप्रमुख भगवती पुडासैनीको विशिष्ट आतिथ्यता रहेको थियो ।

कार्यक्रममा गैरसरकारी संस्था मकवानपुरकी उपाध्यक्ष रम्सिला साथकोटाको विशेष आतिथ्यता रहेको थियो कार्यक्रमका हेटौंडा-१५ की वडा सदस्य कुमारी थेरुङ हेटौंडा १९ की वडा सदस्य इन्दिरा तमाङ मकवानपुरगढी गाउँपालिका वडा नं ३ की वडा सदस्य सरिता साथकोटा लगायतको उपस्थिति रहेको थियो ।

मनाइयो राष्ट्रिय एकता दिवस: ३ सय औ पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस मंगलबार हेटौंडामा पनि मनाइएको छ । दिवसको अवसरमा राष्ट्रिय प्रजातन्त्र पार्टीका केन्द्रीय सदस्य बिन्दा गिरीलगायत जिल्लाका नेताहरुले एक कार्यक्रमकाबीच राप्रपा मकवानपुरको कार्यालयमा रहेको पृथ्वीनारायण शाहको तस्वीरमा माल्यार्पण गरेका थिए । राप्रपा जिल्ला वरिष्ठ उपाध्यक्ष खिलप्रसाद चौलागाईको अध्यक्षतामा कार्यक्रम भएको हो ।

मकवानपुका तीन क्रिकेट खेलाडी बागमती टिममा समेटिए

साझाकुरा संवाददाता

हेटौंडा/प्रधानमन्त्री टि-ट्वान्टी क्रिकेट प्रतियोगिताका लागि बागमती प्रदेशको टिममा मकवानपुरका तीन खेलाडी समेटिएका छन् ।

बागमती प्रादेशिक क्रिकेट संघले सार्वजनिक गरेको खेलाडी नामावलीमा मकवानपुरका तीन जना समेटिएका हुन् । प्रदेश टिमका लागि ४ जना बैकल्पिक सहित १८ जना खेलाडी छनोट भएका छन् ।

मकवानपुर क्रिकेट टिमका कप्तानसमेत रहेका रामरैरा गिरी, उपकप्तान सुमन सुनार र रिजन डक्कल टिममा समेटिएका हुन । गिरीले पछिल्ला र वषेडिह नियमित रुपमा बागमती प्रदेशको टिममा पर्दै आएका छन् । यस्तै रिजनले पनि यसअघि बागमती प्रदेशको टिममा स्थान बनाइसकेका छन् । मकवानपुरका उपकप्तान सुमन भने पहिलो पटक प्रदेशको टिममा परेका हुन् ।

नेपाली राष्ट्रिय क्रिकेट टिमका पूर्वकप्तान ज्ञानेन्द्र मल्ल सहित १८ खेलाडीको छनोट भएका छन् । मकवानपुरका तीनैजना खेलाडी १४ जनाभित्र परेका छन् । टिममा मकवानपुरका ३ खेलाडी पर्दा काठमाडौंका ४, ललितपुरका ६, चितवनका २ तथा भक्तपुर, नुवाकोट र त्रिभुवन विश्वविद्यालय (टियू) का १/१ जना खेलाडी परेका छन् ।

संघले १८ खेलाडीको नाम घोषणा गर्दा मङ्गरै सम्पन्न प्रधानमन्त्री टि-ट्वान्टी क्रिकेट प्रतियोगितको बागमती प्रदेश छनोटमा सहभागी खेलाडीरुबाट छनोट गरेको जनाएको छ । छनोटमा सहभागी नभएका ज्ञानेन्द्र मल्ल र नन्दन यादव पनि प्रदेश टिममा परेका हुन् ।

उनीहरुलाई राष्ट्रिय टिमको बन्द सत्रबाट सोझै छनोट गरिएको उपाध्यक्ष क्षेत्रीले जानकारी दिए । राष्ट्रिय टिमका हालका कप्तान सन्दिप लामिछाने पनि प्रदेश भित्रकै भएपनि उनी नेपाल बाहिर रहेको र आउन समय लाग्ने भएकोले नाम नराखिएको उनको भनाइ छ ।

तरकारीको क्रेटमा १ सय ८३ केजी गाँजा

साझाकुरा संवाददाता

हेटौंडा/जिल्ला प्रहरी कार्यालय मकवानपुरको टोलीले तरकारीको क्रेटमा लुकाइछिपाई ल्याएको अवस्थामा १ सय ८३ केजी अवैध लागूऔषध गाँजासहित एक जनालाई पकाउ गरेको छ ।

पकाउ पर्नेमा थाहा नगरपालिका- २ बस्ने ३० वर्षीय रामचन्द्र सिन्तान रहेको प्रहरी निरीक्षक राजकुमार सापकोटाले जानकारी दिए । सोमबार राति पालुङबाट तरकारीको क्रेट बोकेर हेटौंडातर्फ आइँदै गरेको प्रदेश-३-०१ ००२२ ज ३५५६ नम्बरको पिकअप भ्यानलाई विशेष सुचनाको आधारमा रोकेर चेकजाँच गर्दा तरकारीको क्रेटमा लुकाइछिपाई राखिएको अवस्थामा प्रहरीले उक्त परिणामको गाँजा बरामद गरेको हो ।

पकाउ परेका सिन्तान उक्त तरकारी बोक्ने भ्यानका चालक हुन् । पकाउ परेका सिंतानमाथि आवश्यक अनुसन्धान अघि बढाइएको समेत जनाइएको छ ।

बागमती पुलमा १० वर्षपछि गुड्न थाले सवारीसाधन

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुर-सिन्धुली जोड्ने बागमती पुल निर्माण सुरु भएको १० वर्ष ६ महिनापछि साना सवारी गुड्न थालेका छन् ।

मदन भण्डारी राजमार्ग (धरान-चतरा) सडक खण्ड अन्तर्गत पर्ने बागमती पुल निर्माणको ठेक्का स्वच्छन्द निर्माण सेवले पएको थियो । तीनवर्षे भित्र काम सक्नेगरी २०६८ असार २९ गते २० करोड ६२ लाख रुपैयाँमा ठेक्का सम्झौता गरेको स्वच्छन्दले १० वर्ष ६ महिनापछि हाल साना सवारी गुड्न मिल्ने गरी पुल निर्माण सम्पन्न गरेको हो ।

पुलमा दुई पांये र चार पांये साना सवारी सजिलै चल्न थालेपछि अहिले मकवानपुर-सिन्धुली आवतजावतको दुरीसमेत छोटिएको छ ।

पुल निर्माण पुरा भएसँगै दोलखा, रामेछाप, काभ्रे, सिन्धुली र तराईका जिल्लाबाट हेटौंडा आउनसमेत सहज हुनेछ । आगामी बैशाख १५ गते पुल उद्घाटन गर्ने तयारीका साथ निर्माण कम्पनी हस्तान्तरण गर्न तयारी देखिएको छ । पुलबाट हाल दैनिक २ सयभन्दा बढी साना सवारीसाधन संचालन भइरहेका छन् ।

पुल समयमै निर्माण नहुँदा पुलमा भन्याङको सहायता लिनु पर्ने समस्या थियो । पक्कि पुल पूर्ण रुपमा निर्माण सम्पन्न नहुँदा बागमती नदी पार गर्नका लागि स्थानीयले पुलमा भन्याङ लगाउनुपर्ने बाध्यता अब हटेको छ ।

पुल बारपार गर्न स्थानीयलाई भन्याङको सहारा लिनुपर्ने बाध्यतासमेत भोग्नु परेको स्थानीयको गुनासो छ । पुलको दुवैतर्फको काम सम्पन्न नहुँदा बखत बारपार गर्न भन्याङको सहारा लिएको समाचार धेरै संचारमाध्यमले सार्वजनिक गरेका थिए ।

बागमती पुल निरीक्षणको क्रममा बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र पाण्डेलगायत ।

एक दशकभन्दा बढी समयदेखि अलपत्र हँदा पुल बन्दैन कि भन्ने स्थानीयलाई चिन्तासमेत थियो । तर, अब पुलमा ढुला सवारी साधन छिट्टै संचालन हुनेमा स्थानीय विश्वस्त छन् । तोकिएको समय अवधिमा काम नभएपछि २०७५ असोजसम्म म्याद थप गरिएपछि पुल बन्न झन हिलाइ भएको हो ।

मुख्यमन्त्री पाण्डेद्वारा निरीक्षण

मंगलबार बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र पाण्डेले पुल निर्माणबारे चासो लिंदै अनुगमन गरेका छन् ।

अनुगमनको क्रममा मुख्यमन्त्री पौडेलले राजधानी हेटौंडालाई पूर्वी जिल्लाहरुसँग जोड्न बागमती पुल तीव्र गतिमा संचालनमा ल्याउन जरुरी रहेको बताए । उनले एउटा पुल निर्माण सम्पन्न हुन १० वर्ष लाग्नु निकै गम्भीर विषय भएको दाबी गरे ।

'पुल निर्माण विविध कारणले हिलाइ भएको छ ।' उनले भने, 'तर, अब पुलमा सबै किसिमका सवारीसाधन तत्काल संचालन गर्ने व्यवस्था मिलाइनु पर्छ ।' अनुगमन क्रममा पुल निर्माण कम्पनी स्वच्छन्द निर्माण सेवाका जयराम लामिछानेले पुलमा सामान्य यातायात सञ्चालन हुन सक्ने बताए ।

उनले भने, 'यातायात सञ्चालनमा समस्या छैन, पुलमा सामान्य कालीपत्रे र पुलसँगै केही ड्याक बनाउने काम चाँडै सकिने छ, ३ वर्षसम्म अर्कै कम्पनीले काम गर्छु भनेर ढाँटेदा आफू पनि समस्यामा परें, अब काम करिब सकिएको छ ।' पुल निर्माणको लागि फाउन्डेसन नै बदल्नु परेकाले पनि निर्माणमा ढिलाइ भएको लामिछानेले बताए ।

पुल निर्माणका लागि चैत मसान्तसम्म सीमा थपिएको र सबै काम सकेर बैशाख १५ गते पुल शिलान्यास गर्नका लागि हस्तान्तरण गर्न आफू तयार रहेको लामिछानेले बताए । 'दोलखा, र मेछाप र सिन्धुलीका जनप्रतिनिधि र प्रदेश सदस्यहरु यही छोटो बाटो हुँदै माघ १२ गते हेटौंडामा हुने राष्ट्रिय सभा निर्वाचनमा भोट हाल्न आउन सक्छन् ?' मुख्यमन्त्रीको प्रश्नमा लामिछानेले 'कालोपत्रेका लागि एक दिन पुल बन्द हुन सक्छ, नत्र यातायात रोकिन्न ।'

रेडियो नवीकरणमा शुल्क नलाग्ने

हेटौंडा/बागमती प्रदेश सरकारले प्रदेशभित्र संचलित एक हजार बाटसम्म क्षमता भएका रेडियोहरुको नवीकरण शुल्कमा पूर्ण छुट दिने निर्णय गरेको छ ।

मंगलबार बसेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् बैठकले सो निर्णय गरेको प्रदेश सरकारका प्रेस रजिस्टार रेवती साथकोटाले जानकारी दिए । उनका अनुसार, प्रदेश सरकारले रोयल्टीमा समेत ५० प्रतिशत छुट दिने भएको छ । यसअघि रोयल्टी बापत २ प्रतिशत दिनुपर्ने भएपनि अब देखि भने १ प्रतिशत मात्र तिनुपर्नेछ । केही समय अगाडि स्वतन्त्र रेडियोहरुको छाता संगठन ब्रोडकाष्टिङ एसोसिएशन अफ नेपालले नवीकरणको छुटको माग गर्दै आएको थियो ।

साझाकुरा

हाम्रो कुरा

धुम्रपानबारे सचेतना जरुरी

सरकारले सुर्तीजन्य पदार्थमा अनिवार्यरुपमा क्यान्सर रोगको चित्र प्रकाशन गरेर बिक्री गर्नुपर्ने नियम बनाएपछि केही वर्षदेखि चुरोट तथा सुर्तीजन्य पदार्थ एवम् गुट्खाका प्याकेटमा ८० प्रतिशतभन्दा बढि भागमा क्यान्सर सम्बन्धी चित्र राख्न थालिएको हो । यसले यस्ता पदार्थ खानेको सङ्ख्या घटाउन पनि सहयोग गरेको छ । सुर्तीजन्य पदार्थको प्याकेटमा क्यान्सर रोगको तस्वीर अंकीत भएपछि पछिल्लो समय गुट्खा, खैनी, सुर्ती तथा चुरोको बिक्री घटेको छ ।

स्वास्थ्यका लागि हानिकारक भएको सन्देश तीनका प्याकेट वा खोलमा तस्वीरसहित सन्देश छाप्नुपर्ने प्रावधानको भने पूर्णरुपमा पालना अझै हुन सकेको छैन । स्थानीयस्तरमा उत्पादन हुने कतिपय सुर्ती एवम् खुलारुपमा पाइने सुर्तीमा यस्तो प्रावधान लागू हुन सकेको देखिँदैन । जसले सरकारले बनाएको कानूनको खिल्ली उडेको छ भने मानवीय स्वास्थ्य पनि बिग्रिँदै गएको छ । चुरोट तथा सुर्तीको सेवनले फोक्सोमा गम्भीर असर पार्ने र क्यान्सरजस्ता घातक रोगसमेत लाग्नसक्ने भएकाले सम्बन्धित बट्टामा मानिसको स्वास्थ्यमा पार्ने असर अंकीत तस्वीर राख्नुपर्ने प्रावधान सरकारले ल्याएपनि अझै त्यसको पूर्णरुपमा पालन हुन नसक्नु दुःखद् पक्ष हो । यस्तो संवेदनशील विषयमा राज्यले समयमै सोच्न जरुरी छ । यस्तै, सुर्ती, गुट्खा, पानपरागमा उत्पादन मिति, उपभोग्य मितिलगायतका उपभोक्ता हितसम्बन्धी विवरणसमेत नहुँदा उपभोक्ता थप मारमा परेका छन् ।

सुर्तीजन्य पदार्थको बट्टामा सन्देशमूलक तस्वीर राख्ने देशमा पहिलो भइयो भनेर गर्व गर्नुभन्दा राज्यले कानुन कार्यान्वयनमा थप प्रभावकारी भूमिका खेल्नुपर्छ । उत्पादन कम्पनीहरुले पनि जनताको स्वास्थ्यसँग खेलावाड गर्दै कानुनको धज्जी उडाउने काम बन्द गर्नुपर्छ । यसप्रति उपभोक्ता मञ्च, सरकारी निकाय र नागरिक समाज पनि जागरुक बन्नुपर्छ । जनचेतना फैलाउने यस्ता सन्देशमूलक चित्र निकै प्रभावकारी हुने हुँदा यस्तो प्रावधानलाई व्यावहारिक बनाउनको लागि सरकारको प्रमुख दायित्व हुन्छ । चुरोट र सुर्तीजन्य पदार्थ स्वास्थ्यको लागि हानिकार छ भन्ने तस्वीरसहितको सन्देश तीनको बट्टा वा खोलमा पर्याप्त स्थान दिई राख्नुपर्छ ।

पृथ्वीनारायण शाह र आजको नेपाल

कमल चुदाली

विषय सन्दर्भ

आज नेपालको मानचित्र बदल्ने नायक पृथ्वीनारायण शाहको ३०० औं जन्मोत्सवको दिन हो । उनको राजनीति, कुटनीति, सूचना, सैनिक र आर्थिक रणनीतिको सफल व्यवस्थापनबाट नेपालको मानचित्र बदलिएको हो । उनको नेपाल एकीकरण अभियान १८०१ सालको नुवाकोट युद्धदेखि १८६१ मा काग्डा युद्धसम्मया नेपाल पुनः पूर्वमा टिस्टा, दक्षिणमा मगध र पश्चिममा सतलज नदी सम्म विस्तार भएको थियो । पनाती गीर्वाण युद्धविक्रम शाहको पालामा सुगौली सन्धि र पछि जंगबहादुर कुंवरबाट नर्या मुलुक फिर्तापछि आजको नेपालको मानचित्रमा सीमित भएको हो । अर्थात्, पृथ्वीनारायण शाहको एकीकरण अभियानको अन्त्य भएको हो ।

विषय प्रवेश

समाज विकासको क्रममा राज्यहरु बन्ने, भत्केने, फैलने, खुम्चने, टुक्रने र फेरि शक्तिशाली साम्राज्य बन्ने क्रम हुँदै आएको छ । प्राचीन नगरराज्यदेखि आधुनिक साम्राज्यको इतिहास यही प्रक्रियाबाट अगाडि बढ्दै आएको छ । नेपालको इतिहास पनि यही प्रक्रियाले अगाडि बढ्दै आएको छ । किरातेी, लिच्छवी, शाक्य, विदेह, सिर्मौनगढ, मल्य, ठकुराई, सिंजा तथा खस साम्राज्य सोही प्रक्रियले बन्दै आए । मगरात, बाइसे, चौबिसे, सेन, पूर्वी किरात, चौम्पङी, विजयपुर, लम्ब्रङ, गोरखा आदि असंख्य टुक्रामा विभाजित राज्यहरु इतिहासका यथार्थ हुन् ।

यी विभाजित नेपाली टुक्रे मनोद्दशामा आन्तरिक कलह, वैमनश्यता, षडयन्त्र तथा कचिल्ल थियो । दक्षिणतिरबाट मुगल साम्राज्यपछि अंग्रेजी साम्राज्यको फैलदो चकचकी र उत्तरतिर चिनिया-तिब्बती बादशाहको राईफाई । यस्तो समयको पूर्वसन्ध्यामा लम्ब्रङे शाही राजकुमार द्रव्य शाहले लिगलिगकोटको घले राज्यलाई कब्जा जमाई गोरखालाई नियन्त्रण लिएसँगै गोरखा राज्यको स्थापना गरेका थिए ।

गोरखा राज्यमा लिगलिगकोट, सिद्धानचोक, अजिरगढ, बारपाकसमेत सामेल गरी नेपाल एकीकरणको आधारस्तम्भ खडा गरेका थिए । उनीपछिका छोरा नतिहरु सन्यान, मैघी, थरी, खरी, धादिङ, त्रिशुली र सेम्जुङ हुँदै नेपाल साम्राटमा आँखा पुऱ्याउँदै थिए । यिनै द्रव्य शाहकै पछिल्ला सन्तति पृथ्वीनारायण शाहले गोरखा राज्यको विस्तार गरी विशाल नेपाल निर्माणको महाअभियान थालेका थिए ।

पृथ्वीनारायण र एकीकरण

पृथ्वीनारायण शाहले अगाडि बढाएको नेपाल निर्माणको अभियानले नेपाल राष्ट्रको जग मात्र होइन, आयतन पनि विशाल बन्यो । महाअभियानको विरगाथाले नेपाली सांस्कृतिक पहिचानको धरोहर खडा गरायो । विश्व साम्राज्यको रङ्मञ्चमा स्वतन्त्र बलियो राष्ट्रको गणना कायम गरायो । यी सबै श्रेयको प्रमुख नेतृत्वकर्ता पृथ्वीनारायण शाह नै हुन् । आधुनिक नेपालको इतिहासले उनलाई एकीकरण र राज्य पुनः निर्माणका महानायक बनाएको छ । उनलाई युगपुरुषसम्म महानायकको सूचीमा कायम राख्नेछ । आज उनको जन्मजयन्तीका अवसरमा नेपाल निर्माणका महाअभियन्ताप्रति हार्दिक श्रद्धासुमन ।

नेपाल एकीकरणको सम्पूर्ण श्रेय पृथ्वीनारायण शाहलाई मात्र जान्न, गोरखाली राज्यका संस्थापक द्रव्य शाहलाई पनि दिनु पर्दछ । गोरखाली जनताको शौर्य, वीरता र बलिदानलाई पनि जाने गर्दछु । एकीकरणपछि मिलेर बाँकी अभियानमा सामेल हुने सबै नेपालीलाई जान्छु । आजसम्म र युगपुरुषसम्म मिलेर मुलुकको रक्षा गर्ने तथा सँगै बस्ने नेपालीलाई जान्छु । तर यो अभियानका अगुवा नेता पृथ्वीनारायण शाहलाई मुख्य श्रेय जान्छु । पृथ्वीनारायण शाहले आजको नेपाल राष्ट्रको जग नक्सालिँदैएको भए पनि अरु कसैले शुरु गर्ने पर्दथ्यो । त्यसो नभएको भए यो देशको अस्तित्व रहने थिएन । हामी नेपालीहरुको अस्तित्व र हवे थिएन । हाम्रो राष्ट्रियता बन्ने थिएन र गौरवशाली इतिहास पनि बन्ने थिएन । यसैले पृथ्वीनारायण शाह एकीकृत नेपालको ऐतिहासिक आवश्यकताले जन्मिएका महापुरुष हुन् । त्यतिबेलाको नेपाल टुक्रे सामन्ती रजौटा राज्य थियो । युरोपमा पुनर्जागरण आन्दोलनपछिको स्वतन्त्रताको युग शुरु भइसकेको थियो । टुक्रे र विभाजित भारतमा ब्रिटिस साम्राज्यको तुँवालो लाग्दै थियो । यस्तो अन्तर्राष्ट्रिय परिस्थितिमा नेपालमा बलियो केन्द्रीकृत सामन्ती राज्यको आवश्यकता थियो । यो समाज विकासको अनिवार्य माग थियो । यो ऐतिहासिक माग पूरा गर्ने जिम्मेवारी पृथ्वीनारायण शाहले लिएका थिए । यसै वस्तुगत आवश्यकताले नेपाल एकीकरण भएको थियो ।

ऐतिहासिक आवश्यकतामा एकीकरण

नेपाली पछिल्लो मनोविज्ञानमा केही सन्देह वा भ्रान्ति पैदा गरिदिएका छन् । पृथ्वीनारायण शाहले गरेको एकीकरण हो वा राज्य विस्तार ? उनलाई नायक मान्ने कि खलनायक भन्ने कुराको सन्देह बेला बखत उठाउने गरेको पाइन्छ । वास्तवमा उनीबाट भएको एकीकरण राज्य विस्तार पनि हो र उनी विस्तारवादी पनि हुन् । हामीले भनिसकेका छौं कि पृथ्वीनारायण शाहले राज्य विस्तारबाटै एकीकरण अभियान अगाडि नबढाएको भए अरु कसैले नै कसैले सुरु गर्ने पर्दथ्यो । द्रव्य शाह अगाडिछाडिका धेरै राजाहरुले पनि पटकपटक राज्य विस्तार गर्ने प्रयत्न गरेका थिए । इतिहासमा बिजुगिपुका राज्यहरु मध्ये विक्रमको आठौं सदीमा जयदेव (द्वितीय), चौथो शताब्दीमा खस राजा पुष्य मल्ल, सोह्रौं शताब्दीमा ६८ सेन र बीसौं शताब्दीमा कान्तिपुरे राजा जयप्रकाश मल्लजस्ता पृथ्वीनारायण शाहलाई २५ वर्षसम्म थर्काउने राजा नभएका होइन् । तर उनीहरुको आपसी अन्तरकलह, अन्तरघात र भोगविलासको लम्पटताको कारण राज्य विस्तार टिकाउन सकेनन्, बरु टुकाटुक्रा पारेर अंशबण्डामा विभाजन गरेका थिए । जुम्लाका राजा बितारी मल्लले तीन-तीनपटक गोरखा, नुवाकोट र काठमाडौं भित्रका राज्य कब्जा गरेकै हुन् । जयप्रकाश मल्लले अँग्रेजको सहयोग पाएर पनि गोरखालीहरु धपाउन सकेका थिएन् र काठमाडौं खाल्डो मिलाउन पनि सकेका थिएन् । पाल्पाली सेन वंशले चहेर पनि ढङ्ग पुऱ्याउन सकेका थिएन् । उनीहरुमा एकीकरण र साम्राज्यको बलियो संकल्प थिएन, नत सही योजना, दृढ इच्छाशक्ति र बिजुगिपु भावना नै थियो । यस्तो परिस्थितिमा पृथ्वीनारायण शाहमा भएको प्रबल दृढ संकल्पमा नेपाल एकीकरण भईछाड्यो । नेपाल राष्ट्रको स्वतन्त्र र बलियो पहिचान स्थापित भयो । आजको यो गौरवशाली नेपाल राज्य स्थापना भयो । हो, पृथ्वीनारायण शाह पनि वंशगत रुपमा भन्दा खस ठकुरी विरासत भएकोले उनीमा महत्वाकांक्षी, हठी र अहंकारी स्वभाव हुनु सामान्य कुरा मान्नुपर्छ । उनको राज्य विस्तार अभियानमा केही ज्यादती भएकै थिए ।

सामन्ती ठकुराई परिवेशमा वैवाहिक तथा यौनजन्य कमजोरी हुन सक्दछन् । उनको छापामार युद्धनीतिमा झुक्याउने, छक्याउने वा जालझेलको रणकौशल अवश्य थियो । रक्तपात र बलीदानीपूर्ण युद्धमा प्रतिशोध र क्रूरतापूर्ण घटना घटनु स्वभाविक हुन जान्छ । उनको हडबडे स्वभावजन्य कमजोरीबाट अनावश्यक क्षति भएको हुन सक्छ । यी र यस्ता सानातिना कुराले पृथ्वीनारायणको मूल्यांकनलाई साँघुराउन र अवमूल्यांकन गर्न हुँदैन । उनको अपमान गर्ने महाभुल गर्नु हुँदैन ।

बाचको सन्दर्भमा पृथ्वीनारायण शाह

पृथ्वीनारायण शाह एउटा लडाकू योद्धा वा सफलनायक मात्र होइनन् । राजनीतिज्ञ, कुटनीतिज्ञ र आर्थिक, सांस्कृतिक, नीतिकार पनि थिए । उनले आफ्ना भारदारहरुमार्फत भावि पिंढीलाई दिएका अर्ती उपदेश (दिव्य उपदेश)मा गहकिला विचार प्रस्तुत गरेका छन् । ती उपदेश आजसम्म सामयिक रहेका छन् । योग्य नेतृत्व चयन गर्ने विधि, कानुनी राज्यको अवधारणा, सुशासन कायम गर्ने कुरा, आत्मनिर्भर र स्वदेशवादी आर्थिक सांस्कृतिक नीति आजको गणतान्त्रिक राज्यलाई पनि त्यतिकै सान्दीभक देखिन्छन् ।

'मेरा साना दुःखले आर्ज्यायको मुलुक होइन, सबै जातको फुलबारी हो, सबैलाई चेतना भया! भनेर नेपाल एकीकरणको सन्दर्भमा भएको ठूलो बलीदानी पीडामा भावना जोड्दै सबै जातको फुलबारी वा साझा मुलुक भनेर आफू मगरात, किरात लगायत सबैको साझा राजा भएको विनम्र सन्देश दिएका थिए ।

उनले एकीकृत नेपालका बुद्धिमान र न्यायिक शासकको जुन परिकल्पना गरेका थिए त्यो भने उनका कान्छा छोरा बहादुर शाह बाहेक कसैले त्यसको मर्म बुझेनन् । सबैजसो उनीपछिका सन्तान र वंश सुख, सयल, रतिराग, गद्दी स्वार्थमा चुर्लुम्म डुबे । दरबार भित्र र बाहिर षडयन्त्र, हत्या, हिंसा र घोर अपराधमा संलग्न हुँदै आए ।

पृथ्वीनारायणले दिएका सकारात्मक अर्ती उपदेशलाई सिरानीमा राखी उनकै बदख्वाई गर्नेतिर लागे । उनका उपदेश र थिति विरुद्ध एकीकरणका महान योद्धारुपी भारदार र उनका विर सन्तानलाई अपमान मात्र होइन, मुलाकाटे जस्तै कटाए । विगतका धुरै भाइ-दाइको अपमान तथा हत्या षडयन्त्रको पछिल्लो वा अन्तिम उदाहरण राजा वीरेन्द्रको वंशानसबाट स्पष्ट हुने गर्दछु ।

युरोप एसियामा नेपालभन्दा धेरै पछाडि बनेका राष्ट्रहरुले धेरै उन्नति, प्रगति गर्दा पनि उनीपछिका धेरैजसो राजाहरुले मगेर खाने र विरेरी सत्योग मारुने कायरोक्ति केही गरेनन् । नेपालको हालत अत्यन्त पछेटि अवस्थामा पुऱ्याउने काम गरे ।

जसको परिणाम स्वरुप जनआक्रोशबाट नेपालमा राजतन्त्रको अन्त्य र लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको छ । यस नयाँ प्रणालीले पृथ्वीनारायण शाह जस्तै दुरदर्शी, बुद्धिमान र निस्वार्थी बलियो शासकरुपी सेवकको माग गरिरहेको छ । तर आजसम्म त्यसको संकेत देखिएको छैन । आशा गरौं, ऐतिहासिक आवश्यकताले त्यो पुरा हुनेछ ।

आजको सन्दर्भमा हामी नेपालीहरुले पृथ्वीनारायण शाह र उनको योगदानलाई उच्च मूल्यांकन गर्नुपर्दछ । विविधताभित्रको एकता र एकताभित्रको विविधताको मार्मिक पहिचान हाम्रो साझा धरोहर हो । यही नेपाली साझा धरोहरका प्रतीक पृथ्वीनारायण शाह हाम्रा राष्ट्रिय विभूति हुन् । उनलाई राष्ट्रिय पिताको रुपमा लिनुपर्दछ । आज हामी राष्ट्रिय एकताको प्रतीक के र को हुने भन्ने विषयमा अन्यौलमा छौं । देश बन्दैछ वा बिग्रिरहेको छ भन्ने कुरामा पनि विभाजित छौं । हामी सबै क्षेत्रका बुद्धिजीविहरु ऐर्यतावोध र कर्तव्यबोधको लामो यात्राबाट विचलित छैनौं । हुँदैनौं पनि । देश बिघुन् र सप्रनुमा हाम्रो भूमिका अवश्य पनि रहने गर्दछ । हामी सबैको चेतना भया ।

(लेखक चुंदाली राम बुद्धिजीवि हुन्।)

- साभार: देशसञ्चार

घमण्ड गर्नेको हालत ओलीको जस्तै हुन्छ



माधवकुमार नेपाल

अहिले राप्रपा प्यारो छ, केपी ओलीका लागि । महन्थ ठाकुर प्यारा छन्, केपी ओलीका लागि । विदेशीहरू प्यारा छन्, उनका लागि । तर आफ्नै पार्टीका कार्यकर्ताहरू, जसले उनलाई बा भनैनन्, जसले उनलाई पुजैनन् । जसले उनको भजन गाउँदैन्न् उनीहरू शत्रु छन् । विचित्र छ, प्रधानमन्त्री बन्ने बेलामा, बालुवाटार जाने बेलामा बरु कार्यकर्ताहरूको जुलुस त्यहाँ पुग्ने गर्दछ । तर बालुवाटारबाट बिदा हुने बेलामा त्यहाँ कोही जदैनन् ।

तर केपी बाको तरिका के भण्डु भने बालुवाटारबाट जुलुस भण्डु, विजय जुलुस जस्तै । बालकोट पुग्यो । बालकोटको बार्दलीमा बसेर तथानाम गाली गरे । त्यो के हो भने-प्रधानमन्त्रीबाट निकालेको पीडा बोलेको । पीडा धेरै भइसकेपछि त्यो मुखबाट बाहिर निस्कन्छ । कहिले त्यो भेर्मिट गरेर निस्कन्छ, कहिले शब्दबाट निस्कन्छ । तपाईंहरू मध्ये कोही डाक्टर भए उपचार गरिदिनु भए हुन्छ । विचराको त्यो हालत । बालुवाटारबाट बालकोट पुग्ने बित्तिकै भुनुपरेछ । कारण के हो भन्दाखेरी उनमा दम्भ सवार हो त्यो । व्यक्तिवाद सवार भयो । मैमत्त प्रवृत्ति सवार भयो । म भन्दा जाने, सुन्ने कोही छैन भन्ने प्रवृत्ति हुर्केर आयो । उनमा दम्भी नेताको विशेषता देखियो ।

सुन्नुस् कस्तो हुन्छ ती विशेषता-जो आफूलाई ज्यादै स्मार्ट सम्झिन्छ । त्यसको अर्को विशेषता-आफैं जान्ने, अरू कोही नजान्ने भनेर अरूको कुरा सुन्दै नसुन्ने प्रवृत्ति हुन्छ । तेस्रो, उसले सबैको अनादर गर्छ । आफ्नो मात्रै आदरको चाहना राख्छ । त्यो नेतामा सिक्ने प्रवृत्ति हुँदैन । उसले जे बोल्छ, अमर्यादित कुरा मात्रै बोल्छ । कहिल्यै गल्ती स्वीकार गर्दैन । कहिल्यै क्षमायाचना गर्दैन । सबैलाई हेप्ने प्रवृत्ति उसमा रहेको हुन्छ । आफूले गज्जब काम गरे भनेर गुड्डी हाँकेर हिँडछ । आफ्नै प्रशंसामा मरुन हुन्छ । अनि पीडाको भावनाले ग्रसित हुन्छ । यो कसमा छ ? जाँच्ने काम तपाईंको । हामी त्यो प्रवृत्ति भोग्दाभोग्दा थाक्क, दिक्क भएर आयौं । हामी पहिले खुसी भएका थियौं । दुईटा पार्टीहरू मिल्ने भए-एमाले र माओवादी । देशका मुख्य वाम घटकका नेताहरू एक ठाउँमा आउने भए । किनभने माओवादीलाई शान्ति प्रक्रियामा ल्याउनका लागि हामीले नै भूमिका खेलेका थियौं । मै हुँ त्यो महत्वपूर्ण भूमिका खेल्ने मान्छे ।

लक्षउउदेखि लिएर सिलिगुडीसम्म पुग्ने मान्छे । रोल्पा पुऱ्याउने कुराकानी गर्नका लागि, गिरिजाप्रसाद कोइरालालाई दिल्लीसँगै लिएर गएर वार्ता र सहमती गराउने मान्छे । तत्कालीन राजा ज्ञानेन्द्रलाई युद्धलाई अन्त्य गरौं भन्दा सुनेको नसुनै गरे । त्यसपछि आफैं हामीले पहल गऱ्यौं । यस्तो अवस्थामा एउटा ठूलो राम्रो अवस्था आयो भनेर खुसी भएको ।

झण्डै दुईतिहाइको अवस्था भएको देखिएको । हामी प्रफुल्ल भयौं तर त्यो उद्देश्य अर्कै रहेछ । त्यो उद्देश्य भनेको हाम्रो । प्रचण्डको टाउकोमा चढेर म सबैभन्दा अग्लो छु भनेर देखाउने सोच रहेछ । उहाँको पिठ्यूलाई सिँडीको रूपमा प्रयोग गरेर अनि आफूलाई अग्लो देखाउने प्रवृत्ति । अनि त्यहीं प्रवृत्तिले दम्भ सवार भयो । पछि पार्टीमा हेप्न थाल्नुभयो । बैठक नै नगर्ने ।' हाम्रो मुलुकमा उद्यमी युवाहरू देखा पर्न थालेका छन्, चाहे मछको पालन गरेर होस्, माछापालन, तरकारी खेती, फलफूल खेती, वा अनेक उत्पादनको कामहरूमा मसुको उत्पादनमा होस् वा अन्यमा युवा उद्यमीहरू देखा पर्न थालेका छन्, यसलाई राज्यले प्रोत्साहन दिनुपर्दछु । राज्यको नीतिमा सुधार गर्नुपर्ने आवश्यक्ता छ । उद्यमशीलताको विकास गर्नुपर्नेछु ।

र उद्यमशीलताको विकास नगरेको हुनाले, उत्पादनको क्षमता नबढाएको हुनाले मानिसहरूमा आत्मविश्वस्त बढ्न सकेको छैन । दलाल पूँजीको दबदबा मलुकमा बढिरहेको छ । मिहिल्ल नारीकन पैसा कमाउने प्रवृत्तिहरू हुर्किरहेका छन् । रुतारात अर्बपति बन्ने चाहना जागिरहेको छ । अरूलाई लुटेर कमाउने प्रवृत्ति हुर्किरहेको छ । कि अरूलाई कि देशलाई लुटने । देशलाई लुटने, जनतालाई लुटने, दुवैलाई लुटने । जहाँ सकिन्छ त्यहीं लुटने । यो प्रवृत्तिलाई समाप्त पार्नुपर्दछु । त्यसका निम्ति शासन सञ्चालनको तरिकामा सुधार गर्नुपर्छु । सुशासनको प्रत्याभूति दिनुपर्छ । र कसरी ती नियमनको निरिक्षण गर्न सकिन्छ, तदनुरुपको संरचना निर्माण गर्नुपर्छु । पालिका पालिकामा अर्बौं रुपैयाँको बजेट गएको छ, त्यसको सदुपयोग भएको छ कि छैन ?

त्यसको कुनै अनुगमन गर्ने काम हामीले गर्न सकिरहेका छौं ? पार्टीले पनि गरेको छैन, सरकारले पनि गरेको छैन । पार्टीमा पनि आफ्नो कार्यकर्ताले कस्तो काम गरिरहेका छन् त्यसको अनुगमन गर्नुपर्छु । केन्द्रीय सरकारले प्रादेशिक, प्रदेशले स्थानीय सरकारको कामको अनुगमन गर्नुपर्छु । इमानदारी, निष्ठा र समर्पण नै प्रमुख कुरा हो । यी कुरा छन् भने तपाईंले जनताको मन जित्न सक्नुहुनेछ, मान्छे निष्ठाबाट विचलित हुने गर्दछु । त्यो मान्छेमा इमानदारी हराएर जाँदो रहेछ । त्यही मानिसमा समर्पित हुने भावना समाप्त हुँदो रहेछ । ऊ व्यक्तिवादको सिकार हुन्छु । म भन्ने घमण्ड आउँछ, मबाट कहाँ आउँछ ? बा भन्ने आउँछ । त्यो म नै बा हो । हामी त्यस्ता प्रवृत्तिका विरोधी हौं । यस अर्थमा इमानदारी, निष्ठा र समर्पणको भावना अघि सारौं । अगाडि बढ्ने हो भने । त्यसको निम्ति सही दिशा लिएर अघि बढ्ने हो भने । जनचाहना के हो भन्ने कुरालाई बुझ्ने हो भने, समाजलाई परिवर्तन गर्ने कुन बाटो सही हुन्छ भन्ने कुरालाई ठम्याउन सक्ने हो भने, तपाईं सही ढंगले अघि बढ्न सक्नुहुन्छ ।

त्यसपछि तपाईंमा राम्रो संस्कार हुनुपर्छ, जनतालाई माया गर्ने, जनताको पीडालाई आफ्नो पीडा ठान्ने, मैले हिजो पनि प्रधानमन्त्री शेरबहादुर देउवालाई भनेको थियौं, हामी अरू सरकारभन्दा फरक हुनपर्दछ । देश विकासका लागि के प्राथमिकता राख्ने र के नीति बनाउने त्यसमा विश्वरूको सुझाव लिनुस् भनेर प्रधानमन्त्रीलाई भनेको थियौं । मलाई तपाईं अघि सर्नु न भन्नुभयो । ठीक छ म त अघि सर्छु नै किनभने म टुनटुलु हेरेर बस्ने मान्छे होइन । समस्या छन् भने भाग्ने पनि होइन । समस्याको समाधान गर्दा धेरै विचार पुऱ्याउन आवश्यक छ । अहिले हाम्रो समाजलाई परिवर्तन गर्न जरुरी छ । समाजवादको दिशामा लैजानु पर्नेछ । समाज परिवर्तन गर्नका लागि एउटा काम हामीले गरेका छौं ।

जनतालाई अधिकार सम्पन्न गराउने सन्दर्भमा राजनीतिक सत्ता जनताको हातमा ल्याउनको लागि राजकीय क्रान्ति सम्पन्न गरेका छौं । त्यति मात्रैले पुग्दैन राजनीतिक सत्तामा अझै पनि निरंकुश प्रवृत्तिहरू हावी हुने गरेका छन् । एउटा समय थियो वंशीय, एउटा वंशगत शासनको निरंकुशता, फेरि व्यक्तिको निरंकुशता देखा पर्न थाल्यो । हामी दुवै कुराबाट मुक्त हुन चाहन्छौं । वंशको निरंकुशता राणा शासनको अन्त्यसँगै सकिएको छ तर व्यक्तिको निरंकुशता जुन व्यक्तिको कारणले तानाशाह जन्मिन्छ । यी तानाशाह जन्मिसकेपछि प्राप्त सबै उपलब्धि समाप्त हुने खतरा हुने गर्दछ । *- साभार: सीधैंजनलाईन*

महत्वपूर्ण टेलिफोन नम्बरहरू

मक्वानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
बडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५९५०१
चिल्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४१०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७१, ९८५२०८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८१९५२२७१
भीमफेदी रेडक्रस:	६२०६९९
पशुङ रेडक्रस:	९८१४००४०१
बखबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५०-५२५८७, ९८४५११९१४
बसामाडी एम्बुलेन्स:	९८४५२९७४७
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
महुदी नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०७८ पुस २९ गते बिहीबार १३ जनवरी २०२१ । पुस शुक्ल एकादशी । पोहेलाख्य एकादशी १।४१ । सूर्योदय ६:४५ र सूर्यास्त ५:२९ मा हुनेछ । पुवदा एकादशी व्रत/राष्ट्रिय भाकका दिवस ।

आजको राशिफल

मेष	: अध्ययनमा बाधा	तुला	: आफन्तजन भेट
वृष	: धन प्राप्ति	वृश्चिक	: भित्रजन भेट
मिथुन	: शत्रुबाट मुक्त	धनु	: प्रेममा सफलता
कर्कट	: धन नाश	मकर	: शुभ कार्यको थालनी
सिंह	: मिष्ठान्न भोजन	कुम्भ	: सुख प्राप्ति
कन्या	: अलश्यता	मीन	: यात्राको योग

'लकडाउन होइन स्मार्ट लकडाउन हुनसक्छ'

काठमाडौं (रासस)/ सरकारले कोरोना भाइरसको संक्रमण बढ्दै गएपछि आगामी माघ १५ गतेसम्म विद्यालय बन्द गर्न निर्देशन दिएको छ ।

सायौं २५ जनाभन्दा बढीको उपस्थिति हुने सभा, गोष्ठी तथा सबै सार्वजनिक कार्यक्रमहरू बन्द गराएको छ । सम्भावित कोरोना भाइरसको तेस्रो लहरलाई मध्यनजर गर्दै यही पुस २६ गतेबाट गृहमन्त्रालयले सबै जिल्ला प्रशासन कार्यालयहरूमार्फत् संक्रमणको रोकथाम र नियन्त्रणका लागि ८ बुँदे आदेश जारी गरेको छ ।

संक्रमण बढ्दै गएको अवस्थामा सरकारले गरेका पछिल्ला निर्णयले फेरि पनि बन्दाबन्दी (लकडाउन) हुने हो कि भन्ने चिन्ता आम सर्वसाधारणमा देखिन थालेको छ । संक्रमणको पहिलो र दोस्रो लहरमा बन्दाबन्दी भोग्नु परेका नेपालीहरूमा फेरि त्यस्तो अवस्था आउने त होइन भन्ने चिन्ता छाएको देखिएको हो ।

पुस २३ गते १४ हजार ९७१ जनामा परीक्षण गरेकामध्ये २६२ कोरोना भाइरसका संक्रमित रहेकोमा पुस २६ गते हिजो ११ हजार ४२९ परीक्षण गरेकामध्ये एक हजार ४४६ संक्रमति देखिएका छन् । सायौं नेपालमा हाल सात हजार ८४५ सक्रिय संक्रमति पुगेका छन् । यसरी अहिले दैनिक संक्रमित हुनेको संख्या बढिरहेको छ ।

संक्रमण दर बढ्दै

संक्रमण दर पनि वृद्धि भएको छ । पुस १९ गते कुल परीक्षणमध्ये २.६ प्रतिशतमा रहेको संक्रमण हिजो पुस २६ गते कुल परीक्षण गरेकोमध्ये १२.७ प्रतिशतमा संक्रमण पुगेको छ । यस्तै पुस २५ गते कुल परीक्षण गरेकोमध्ये ९.२ प्रतिशतमा संक्रमण दर रहेको थियो । यसैगरी पुस २० गते ४.२ प्रतिशत, पुस २१ गते ४.३ प्रतिशत पुस २२ गते ४.५ प्रतिशत, पुस २३ गते ६.४ प्रतिशत, पुस २४ गते ७.१ प्रतिशत कुल संक्रमण दर रहेको थियो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले संक्रमणकै कारणले अहिलेसम्म नै बन्दाबन्दी (लकडाउन)को अवस्थामा पुगिहाल्ने कुनै निर्णय गरेको छैन । मन्त्रालयका सहप्रवक्ता डा. समीरकुमार अधिकारीले अहिलेको अवस्थामा बन्दाबन्दी गरिहाल्ने सोच मन्त्रालयको नभएको बताए ।

"बन्दाबन्दी बारेमा छलफल नै भएको छैन," उनले भने, "हामी अहिले संक्रमणका रोकथाम र नियन्त्रणमा ध्यान दिन्छौं । बाँदियौं नै बन्दाबन्दीबारे सोचेका नै छैनौं ।" मन्त्रालयले जुन क्षेत्रमा संक्रमणको दर बढी हुन्छ सोही क्षेत्रमा मात्र स्मार्ट लकडाउन गर्ने तयारीमा रहेको छ ।

उनका अनुसार तर मन्त्रालयले 'स्मार्ट लकडाउन' गर्ने अधिकार भनेर सम्बन्धित जिल्लाको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रलाई दिएको छ । जिल्ला र स्थानीय तहमा कति संक्रमितसम्मलाई उपचार गर्न सकिन्छ । त्यो अवस्था हेरेर डिसिएमसीले 'स्मार्ट लकडाउन' गर्न सक्दछ," उनले भने, "संक्रमित संख्या र उपचार गर्नसक्ने क्षमता हेरेर 'स्मार्ट लकडाउन' गर्ने अधिकार दिइएको छ ।" मन्त्रालयले सम्भावित जोखिम रोक्नका लागि खोप अभियानलाई तीव्रता दिएको छ । प्रतिदिन पाँच लाख जनालाई खोप लगाउन सक्ने क्षमता मन्त्रालयसँगै रहेको छ ।

मन्त्रालयका सहप्रवक्ता डा. अधिकारीले तेस्रो लहरलाई रोक्थाम र नियन्त्रण गर्नका लागि खोप अभियानलाई जनताको घर दैलोसम्म पुऱ्याइरहेको बताए ।

स्थानीय तहको समन्वयमा खोप अभियानलाई जनताको घर दैलोमा पुऱ्याइएको छ । मन्त्रालयले यही पुस मसान्तभित्र लक्षित सबैलाई खोप लगाएपछि बुस्टर डोज दिने भएको छ ।

बुस्टर डोज अप्रपत्तिमा काम गर्नेलाई माथको पहिलो हप्ता र ६० वर्ष भन्दामाथिका ज्येष्ठ नागरिक तथा गम्भीर रोग प्रतिरोधात्मक क्षमता कम भएका, सक्रिय क्यान्सरका रोगी, अङ्ग प्रत्यारोपण गरेका बिरामी, एचआइभी भएका बिरामी, उपचारको क्रममा रोग प्रतिरोधात्मक क्षमता कम गराइने औषधि सेवन गरिरहेका बिरामीलाई माघको दोस्रो हप्तादेखि बुस्टर डोज दिने भएको हो ।

कोभिकोष भेरियन्ट रोक्थामको तयारी

सरकारले पहिलेको अनुभवबाट पाठ सिकेर अहिले सम्भावित तेस्रो लहरको जोखिम हुननदिन अस्पतालहरूलाई तयारी अवस्थामा राखेको छ ।

उपत्यकाका र देशभरिका अस्पतालहरूलाई अक्सिजन, सघन उपचार कक्ष (आइसियु), हाई डिपेन्डेन्सी युनिट (एचडियु), भेन्टिलेटर, आइसोलेशनको तयारी अवस्थामा राख्नेको मन्त्रालयका सहप्रवक्ता डा. अधिकारीले बताए । उनका अनुसार यहाँ सघन उपचार कक्ष दुई हजार ७९७, भेन्टिलेटर एक हजार ८, एचडियु तीन हजार ८४६ उपलब्ध छन् । यस्तै अक्सिजन सिलिन्डर १३ हजार ९३९, अक्सिजन कन्सन्ट्रेटर ६९३ रहेका छन् ।

यसैगरी २५ अक्सिजन टयाङ्कमा १९ बटार १०७ मध्ये ८७ अक्सिजन प्लान्ट सञ्चालनमा आइसकेको छ । उपत्यकामा दुई हजार ४९४ आइसोलेशन शय्या, ३२४ एचडियु, ४४५ आइसियु र २५४ भेन्टिलेटर रहेका छन् ।

प्रदेश नं १ मा ११ वटा प्रदेश २ मा छ वटा, बागमती प्रदेशमा २१ वटा, गण्डकी प्रदेशमा १७, लुम्बिनी प्रदेशमा १८ वटा, कर्णाली प्रदेशमा ७ वटा र सुदूरपश्चिम प्रदेशमा पाँच वटा अक्सिजन प्लान्ट स्थापना गरिएको छ ।

मन्त्रालयका प्रवक्ता डा संगीता कौशल मिश्रले ओमिक्रोन भेरियन्टको सम्भावित जोखिम रोक्नका लागि स्वास्थ्यकर्मी पनि तयारी अवस्थामा रखिएको बताए ।

"समुदायमा जोखिम क्षेत्र पत्ता लगाई एन्टिजेनमार्फत परीक्षण गर्न र पहिचान भएका संक्रमितको उचित व्यवस्थापन गर्नसमेत सबै स्थानीय तह र प्रदेश सरकारलाई निर्देशन दिइसकेको छ," उनले भने ।

यस्तै सीमा नाकामा कोरोना भाइरसको परीक्षण थप बढाउनेर संक्रमितलाई आइसोलेशनमा राख्ने व्यवस्था मिलाइएको उनको भनाइ रहेको छ । ओमिक्रोन भेरियन्ट पत्ता लगाउन मन्त्रालयले नियमित रूपमा परीक्षणको काम गरिरहेको छ ।

प्राधिकरणको महानिर्देशक बन्न रस्साकस्सी

काठमाडौं (रासस)/ मुलुकको हवाई उड्डयन क्षेत्रको नियामक निकाय नेपाल नागरिक उड्डयन प्राधिकरण (क्याप) को महानिर्देशक पदका लागि दाबेदार पदाधिकारीले दौडधुप गरिरहेका छन् ।

हालका महानिर्देशक राजकुमार क्षेत्रीको उमेरहदका कारण अनिवार्य अवकाश भएपछि प्राधिकरण नेतृत्वविहीन छ । तीन महिनाअघि प्राधिकरणको महानिर्देशक बनेका उनले सेवाबाट अवकाश लिएपनि महानिर्देशक पद लम्याउन लगिपरेका छन् । आफूलाई चार वर्षका लागि सरकारले नियुक्त गरेकाले पूरै कार्यकाल पाउनुपर्ने दाबीसहित सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका छन् ।

अदालतले अल्पकालीन आदेश दिएर आगामी पुस ३० गते छलफलका लागि दुबै पक्षलाई बोलाएको छ । क्षेत्रीले राससर्सग कुरागर्दै प्राधिकरण ऐन बमोजिम महानिर्देशक पद चार वष हुने प्रावधान रहेकाले पूरा कार्यकालको लागि आफूले दाबी गरेको बताए ।

उनले प्राधिकरणका ३२ वर्ष सेवा गरेर गत पुस २४ गते शनिबार मात्रै उमेरहदका कारण अवकाश भएको थियो । सेवाबाट अवकाश लिएपछि पनि महानिर्देशक पद जोगाउन क्षेत्रीले सर्वोच्चदेखि शक्ति केन्द्रसम्म दौडधुप गरेको विभिन्न सञ्चार माध्यममा आइरहेको छ ।

तालुक्दार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले अहिले प्राधिकरणकै १२औं तहका कर्मचारी प्रेमनाथ ठाकुरलाई निमित्त महानिर्देशकको जिम्मेवारी दिएको छ । प्राधिकरणमा अन्य सिनियर अधिकृत हुँदा जुनियरलाई जिम्मेवारी दिएको पनि बजारमा चर्चा छ ।

महानिर्देशकका अर्का दाबेदार प्राधिकरणकै १२औं तहका उपमहानिर्देशक प्रतावबाबु तिवारी महानिर्देशक पद प्राप्त गर्न हरसम्भव प्रयास गरिरहेको जनाइएको छ । यसका लागि उनले अभियाननै चलाएका छन् । स्वभावलै निर्वतमान महानिर्देशक क्षेत्रीपछि तिवारीको दाबेदारी देखिन्छ । तिवारी महानिर्देशक बनेमा पूरै कार्यकाल नेतृत्वमा रहने जनाइएको छ । एयर ट्रफिक अफिसरका रूपमा सेवा प्रवेश गरेका उनले प्राधिकरणमा २५ वर्ष सेवा गरिसकेका छ । उनी लामो निर्णयिको महाप्रबन्धक तथा प्राधिकरणको प्रवक्ताको जिम्मेवारीमा रहेर पनि काम गरेका छन् । उनले हवाई सुरक्षा सुदृढ गर्ने र प्राधिकरण सुधार्ने योजना पनि अघि सारेका छन् ।

महानिर्देशकका लागि प्राधिकरणकै अर्का प्रत्याशी हाल भिभुवन अन्तरराष्ट्रिय विमानस्थलका महाप्रबन्धक भोलाप्रसाद गुरागाईंको पनि आगामी फागुन १६ गते उमेर हदका कारण अनिवार्य अवकाश हुँदैछ । उनले पनि आफू प्राधिकरणको सिनियर कर्मचारी भएकाले स्वभावैले महानिर्देशक पद दाबी गरिएको बताए ।

"प्राधिकरणको १२औं तहको सिनियर कर्मचारी हुँ अवको डेढमहिनापछि अवकास पाउने भएकाले उक्त अवधिसम्म भए पनि स्वभाविक रूपमा नेतृत्वको पाउनुपर्छ भन्ने हो दाबी हेन" उनले भने । त्यस्तै महानिर्देशक पदका लागि अघिल्लो पटकदेखि नै लबिङ गरिरहेका प्राधिकरणका आयोजना प्रमुखको जिम्मेवारीमा रहेका प्रदीप अधिकारी पनि पदका लागि आफू उपयुक्त रहेको बताइरका छन् । उनी पनि 'लबिङ' गर्दै शक्ति केन्द्रदेखि विभिन्न तहसम्म माहोल आफ्नो पक्षमा बनाउन लागिरहेका बताइएको छ ।

महानिर्देशक पदमा तपाई किन भनि सोधिएको जिज्ञासामा अधिकारीले भने, "प्राधिकरणमा स्थिर नेतृत्वका लागि मेले नेतृत्व खोजेको हौं साली तीन महिना र दुई महिना महानिर्देशक होले पदधिकारीले कसरी प्राधिकरणको हितमा काम गर्नसक्छन् ।" सिभिल इन्जिनीयरको रूपमा सातौं तहबाट सेवा प्रवेश गर्नुभएका अधिकारीले आठौं र खुला प्रतिस्पर्धाबाट ११औं तहमा एकैपटक नाम निकालेका थिए ।

उनको पनामा निर्माणधीन, भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तरराष्ट्रिय विमानस्थलको प्रगति भएको थियो । दुवै राष्ट्रिय गौरवका आयोजना हून । भैरहवा र पोखरासँगै निजगढ अन्तरराष्ट्रिय विमानस्थल बन्नुपर्छ भनेर आधार तयार गर्न पनि आफ्नो भूमिका रहेको अधिकारीको दाबी छ । पर्यटन मन्त्रालयले प्राधिकरणको महानिर्देशक कस्लाई बनाउने भनेनबारे अहिलेसम्म मुख खोलेको छैन । पर्यटन मन्त्रालयका प्रवक्ता टोपराज पाण्डेले प्राधिकरणको महानिर्द शकका विषयमा कुनै टुङ्गो लागिनसकेको प्रतिक्रिया दिए ।

नेतृत्वलाई चुनौतीको चाङ

प्राधिकरणमा आउने महानिर्देशकलाई चुनौतीको चाङ छ । संसदमा विचाराधीन रहेको प्राधिकरण विभाजन गर्ने प्रयोजनका निमित्त बनेको दुई विधेयकलाई निष्कर्षमा पुऱ्यानुपु निकै ठूलो चुनौती छ । उक्त विषयमा प्राधिकरणका कर्मचारीले असन्तुष्टि जनाउँदै आन्दोलन समेत पनि गरेका थिए ।

हालै प्राधिकरणको २३ औं वार्षिकोत्सवमा पर्यटनमन्त्री प्रेमबहादुर आले र पर्यटन सचिव मोदवर न्यौपाँलेका साथ् कर्मचारी ट्रेड यूनियनका प्रतिनिधिले प्राधिकरण विभाजन सम्बन्धी विधेयक फिर्ता हुनुपर्ने जिकिर गरेको थियो । त्यस विषयमा छलफल गर्न मन्त्रालयले बचन दिएको थियो । संसद्को राष्ट्रिय सभाबाट विधेयक पारित भई हाल प्रतिनिधिसभामा विचाराधीन अवस्थामा छ ।

पूर्व राजाद्वारा पृथ्वीनारायण शाहको सालिकमा माल्यार्पण

काठमाडौं (रासस)/ पूर्व राजा ज्ञानेन्द्र शाह सिंहदरबार पश्चिम मूलढोका जानुभई त्यहाँस्थित राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको सालिकमा माल्यार्पण गरेका छन् ।

पृथ्वीनारायण शाहको ३००औं जन्मजयन्तीका अवसरमा पूर्व राजा शाहले सालिकमा माल्यार्पण गरेको हो । पृथ्वीनारायण शाहको सालिकमा माल्यार्पण गर्न पूर्व राजा शाह आउनुहँदा उनका समर्थकले नाराबाजी गरेका थिए । समर्थकहरू विभिन्न झाँकी एवं बाजागाजासहित सिंहदरबार पश्चिम मूलढोकाअघि उपस्थित भएका थिए ।

यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देनलगायत शीर्षस्थ नेताले पनि नेपाल एकीकरण अभियानका नायक पृथ्वीनरायण शाहको सालिकमा माल्यार्पण गरेका छन् । नयिका मन्त्रि केहरला, सन्तमहान्तले सिंहदरबार पश्चिम मूल ढोकाअघि उपस्थित भइ राष्ट्रनिर्माताप्रति सम्मान प्रकट गर्दै पुष्पगुच्छा अर्पण गरेका छन् । विश्व हिन्दू महासंघ, अन्तर्राष्ट्रिय श्रीकृष्ण भावनामृत संघ, योगी नरहरि अध्यात्मिक परिषद्लगायत संस्थाको ध्यानरमा संस्थागत रूपमा नेपाल एकीकरण अभियानका नायक पृथ्वीनारायण शाहप्रति श्रद्धाभाव प्रकट गर्न उपस्थित भएका थिए । विसं १७७९ पुस २७ गते जन्मेका पृथ्वीनारायण शाह १७९९ चैत २५ गते गोरखाको राजा बनेका थिए ।

उनी राजा बन्नुहुँदा नेपाल ५२ वटा ठूला साना राज्यमा विभक्त भएको थियो । पृथ्वीनारायण शाहले नुवाकोट, मकवानपुर, काठमाडौं उपत्यकाहुँदै पूर्वका चौदण्डी विजयपुरसम्म विजय प्राप्त गर्न सफल भएका थिए ।

पृथ्वीनारायणका पालामा पूर्वमा टिस्टादेखि पश्चिममा चेपे नदीसम्म नेपालको सिमाना विस्तार भएको थियो । उनको शेषपछि उत्तराधिकारीले नेपालको सिमाना पश्चिममा किल्ला कोंगडासम्म फैलाएको थियो ।

सगरमाथा चढ्ने तयारीमा अभिनेत्री दीया पुन

काठमाडौं /अभिनेत्री दीया पुनले संसारको सबैभन्दा अग्लो हिमाल सगरमाथाको आरोहण गर्ने भएकी छन् । उनले व्यक्तिगत खर्चमा आउँदो अप्रिल महिनामा सगरमाथाको आरोहण गर्न लागेकी हुन् ।

बेलायतको कोलचेष्टर अस्पतालमा नर्सका रूपमा कार्यरत उनले आफ्नो व्यक्तिगत सौख पूरा गर्न भन्दा पनि संसारभरका नर्सहरूको मनोबल बढाउन सगरमाथाको आरोहण गर्न लागेको बताएकी छन् ।

यसअघि उनले ८ हजार १ सय ६३ मिटर संसारको आठौं अग्लो मनासलु हिमाल चढिसकेकी छन् । पुनले सन् २०१८ अर्जेन्टिनाको ६ हजार ९ सय ६१ मिटर अग्लो माउन्ट अकोन्कागुवाको पनि आरोहण गरेकी थिइन् ।

कोरोना महामारीका कारण रसियास्थित सबैभन्दा अग्लो हिमाल इल्ब्रुस र अफ्रिकास्थित सबैभन्दा अग्लो माउन्ट किलिमञ्जारो चढ्ने उनको योजना भने पूरा हुन सकेन ।

सगरमाथा आरोहणमार्फत् बेलायतमा अवस्थित राष्ट्रिय स्वास्थ्य सेवा (एनएचएस) च्यारिटी ट्रुथेर, कोलचेष्टर अस्पताल च्यारिटी र नेपालस्थित चिल्ड्रेन एण्ड यूथ फर्स्टलाई आर्थिक सहयोग संकलन गर्ने उनको उद्देश्य रहेको छ ।

- साभार: फिल्मीखबर

हार्दिक बधाई तथा शुभकामना

मेरो सहोदर भाई **श्याम ढकाल** हालै सम्पन्न उद्योग संघ मकवानपुरको गरिमामय कोषाध्यक्ष पदमा निर्वाचित हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँको कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

रुद्र ढकाल खान

हेटौंडा-१६, मकवानपुर

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष छि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सिरैमा लैजानुहोस् ।

टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9843292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

२० वर्षपछि हेटौंडामा कोटीहोम महायज्ञ

यहि पुस १५ गतेदेखि पुस २७ गतेसम्म हाम्रै हेटौंडाको श्री रामभक्त हनुमान सेवा समिति हेटौंडा-१० गोरक्षेश्वर हनुमान मन्दिर राप्ती तटमा मुख्य वाचक युवा सन्त श्रीनिवासाचार्यज्यूको मुखारविन्दबाट कथा प्रवचन साथै विभिन्न धर्म सम्प्रदायका प्रखर गुरुहरुद्वारा कथा, प्रवचन, सपात कोटीहोम, विविध ज्ञान महायज्ञ हुने हुँदा सम्पूर्ण नगरवासीज्यूहरुमा हार्दिक आमन्त्रण गर्दछौं ।

हाम्रा कार्यक्रमहरू:

पुस १५ गते पञ्चधाम पञ्चारोबाट अग्नि ल्याई आरती कुण्डादीप प्रज्ज्वलन गरिएको ।

कलश यात्रा :
पुस २० गते विहान १०:०० बजेसम्म ।

दैनिक हवन :
विहान ६:०० बजेदेखि ११:०० बजेसम्म ।

दैनिक प्रवचन :
विहान १२:०० बजेदेखि ५:०० बजेसम्म ।

दैनिक आरती :
साँझ ५:०० बजेदेखि ६:०० बजेसम्म ।

भजनकीर्तन :
दैनिक साँझ ६:०० बजेदेखि ७:०० बजेसम्म ।

आयोजक:

श्री रामभक्त हनुमान सेवा समिति, हेटौंडा
धर्मसभा विश्वहिन्दु महासंघ अन्तर्राष्ट्रिय
गोरक्षेश्वर क्षेत्र विकास समिति

गुम्बा डाँडामा भक्तबहादुरको शालिक

साझाकुरा संवाददाता

हेटौंडा/मुलुकको विभिन्न परिवर्तनमा योगदान पुऱ्याएका अमृवा कम्युनिस्ट भक्तबहादुर श्रेष्ठको सम्झनामा गुम्बा डाँडामा अर्धकदको शालिक निर्माण गरिएको छ ।

मकवानपुरको पर्यटकीय क्षेत्र हेटौंडा-१८ हर्नामाडिमा निर्माण गरिएको भक्तबहादुरको शालिक मंगलबार अनावरण गरिएको हो । बामपन्थी नेता श्रेष्ठको शालिक एक कार्यक्रमकाबीच हेटौंडा उपमहानगर पालिकाका मेयर हरिबहादुर महत र बडा अध्यक्ष अनिलकुमार बानियाँले अनावरण गरेका हुन् । पुस २७ गते पर्ने श्रेष्ठको स्मृति दिवसको सन्दर्भमा शालिक अनावरण गरिएको बडा अध्यक्ष बानियाँले बताए ।

वि.सं. १९९० असोज ३ गते मकवानपुरको मकवानपुर गढीमा जन्मिएका श्रेष्ठको २०६८ पुस २७ गते निधन भएको हो । मकवानपुरका अग्रज पत्रकार तथा नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिका संस्थापक अध्यक्ष प्रताप विष्टको अग्रसरतामा बागमती प्रदेश सरकारको आर्थिक सहयोगमा श्रेष्ठको शालिक तयार पारिएको

हो । गुम्बाडाँडास्थित श्यामप्रसाद शर्मा स्मृति पार्क परिसरमा श्रेष्ठको शालिक निर्माण गरिएको छ ।

शालिक अनावरण गर्दै हेटौंडा उपमहानगरपालिकाका मेयर हरिबहादुर महतले राजनीतिक अभियानकै क्रममा भेट हुँदा श्रेष्ठले पढ्न उपदेश दिएको स्मरण गरे । गुम्बाडाँडाको विकासमा उपहानगर ले सक्दो सहयोग गर्ने मेयर महतले प्रतिबद्धता व्यक्त गरे । शालिक निर्माणका अभियन्ता विष्टले श्रेष्ठ राजनीतिक अगुवा मात्रै नभइ सामजिक अभियान्तासमेत रहेको बताए । उनले श्रेष्ठको सम्मान स्वरुप शालिक निर्माण गरिएको धारणा राखे ।

दुई दशकभन्दा बढी समय भूमिगत जीवन बिताएका श्रेष्ठले २००७ सालदेखि मकवानपुर गढीमा स्वग्राम सुधार जनसंगठन परिषद् गठन गरेर गाउँको शोषण, अत्याचार र जातीय विभेदविरुद्ध अग्रसर भएका थिए । अनावरण कार्यक्रममा श्रेष्ठका दुई छोरी, अपन्त र हर्नामाडी कला प्रतिष्ठानका अध्यक्ष हर्क रम्तेलको पनि उपस्थिति रहेको थियो ।

छयोइखोर गुम्बाको शिलान्यास

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगरपालिका-११ सिमलटार स्थित ज्याङच्युप छयोइखोर लिङ गुम्बाको शिलान्यास गरिएको छ ।

उक्त गुम्बाको मंगलबार एक कार्यक्रमबीच बागमती प्रदेशका संस्कृति तथा पर्यटनमन्त्री दीपेन्द्र श्रेष्ठले शिलान्यास गरेका हुन् । उक्त गुम्बा बागमती प्रदेशको भौतिक पूर्वाधार मन्त्रालयद्वारा विनियोजित २९ लाख रुपैयाँ बजेटमा निर्माण गरिने भएको छ ।

गुम्बाको अध्यक्ष देशबहादुर वाईबाको सभाध्यक्षतामा भएको कार्यक्रममा भौतिक पूर्वाधार राज्यमन्त्री सन्तबहादुर चेपाङको विशेष अतिथ्यता रहेको थियो । सो क्रममा विशेष अतिथि चेपाङले सिमलटारमा सडक ढलान गर्न सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए ।

कार्यक्रममा नेपाली कांग्रेस हेटौंडा उपमहानगरपालिका समितिका सभापति उत्तम इटनी, पूर्व नगर सभापति आनन्दराम पराजुली, कांग्रेस हेटौंडा-१५ का बडा सभापति दिपक उप्रेती, सचिव यज्ञबहादुर आचार्य, सदस्य सुन्दरलाल श्रेष्ठ, कांग्रेस सिमलटार टोलविकास समितिका सभापति चित्रबहादुर मोक्तान, उपसभापति भिमबहादुर भिडारीलगायत स्थानीयहरुको उपस्थिति रहेको थियो ।

मुख्यमन्त्रीद्वारा गाउँ पार्टी कार्यालय निरीक्षण

हेटौंडा/नेकपा (एकीकृत समाजवादी)का उपाध्यक्ष एवम् बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र पाण्डेले मकवानपुरको बागमती गाउँपालिकामा रहेको पार्टी कार्यालय निरीक्षण गरेका छन् ।

मंगलबार पूर्वी

मुख्यमन्त्री पाण्डेको अध्यक्षतामा कोभिड व्यवस्थापन समिति

साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेश सरकारका मुख्यमन्त्री राजेन्द्र पाण्डेको अध्यक्षतामा कोभिड-१९ व्यवस्थापन समिति गठन गरिएको छ ।

मंगलबारको मन्त्रिपरिषद्को बैठकले पाण्डेको अध्यक्षतामा प्रदेश स्तरीय १९ सदस्यीय कोभिड व्यवस्थापन समिति गठन गर्ने निर्णय गरेको हो । सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्ण खनालले समितिको सदस्य सचिवमा मुख्यमन्त्री कार्यालयका सचिव राख्ने व्यक्ति गरिएको जानकारी दिए ।

उनका अनुसार मन्त्रिपरिषद् बैठकले स्वास्थ्य क्षेत्रमा करारमा कार्यरत ४ सय ७९ प्राविधिक कर्मचारीको सेवा अवधि ६ महिना थप गरेको छ । 'अघिल्लो वर्ष कोभिड महामारी तीव्र बनेका बेला ४ सय ७९ जना प्राविधिक कर्मचारी राखिएको छ । हामीले उनीहरूको म्याद थप गर्ने निर्णय गरेका छौं,' शर्मले उनीहरुको म्याद यही पुस मसान्तसम्म मात्र रहेको र ६ महिनाका लागि करार अवधि थप गर्ने निर्णय भएको बताए ।

यसै मन्त्रिपरिषद् बैठकले सत्तारुढ गठबन्धनबीच समझदारी पत्रलाई मन्त्रिपरिषद्कै अंग बनाएर कार्यान्वयनमा लैजाने निर्णय गरेको छ । गठबन्धनबीचको समझदारी पत्रमा सातवटा प्राथमिकता तोकिएको पनि उनले बताए । प्रदेशअन्तर्गत भरतपुरमा यातायात व्यवस्था कार्यालय स्थापना गर्ने प्रक्रिया अघि बढाउने निर्णयसमेत भएको उनले बताए । सो कार्यालय स्थापन गर्न आवश्यक जग्गा प्राप्तिका लागि संघीय सरकारलाई अनुरोध गर्ने निर्णय भएको उनले जानकारी दिए ।

'प्रदेश सरकारको सबैभन्दा ठूलो आम्दानीको स्रोत यातायात हो । हामी सेवाग्राहीलाई छिट्टै सेवा विस्तार गर्न यातायात सेवा कार्यालय सबै जिल्लामा क्रमशः स्थापना गर्नेछौं ।', उनले भने ।

HETAUDA CITY HOSPITAL PVT.LTD.
Hetauda-1, Sub-metropolitan
Phone: 057-520315

VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

S.No.	Designation	No.	Salary (Rs)	Min. Qualifications
1	Staff Nurse	Few	14000-18000	PCL/NHPC registered
2	Lab Technologist	1	18000-25000	BMLT/NHPC registered
3	CMA/ANM	Few	Negotiable	TSLC

Experience, Performance, Dedication and Professionalism will be to consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

मनकामनाले बेच्यो ६ करोड ९९ लाखको दूध

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरगढी गाउँपालिका-३ मकान्चुलीमा रहेको मनकामना दुग्ध उत्पादक सहकारी संस्थाले गत आर्थिक वर्ष २०७८/०७९ मा ६ करोड ९९ लाख २४ हजार ९ सय ८८ रुपैयाँ बराबरको दूध बिक्री गरेको छ ।

मंगलबा सम्पन्न मनकामनाको ३४ औं वार्षिक साधारण सभा प्रस्तुत प्रतिवेदनमा सहकारीले ६ करोड ९९ लाख २४ हजार ९ सय ८८ रुपैयाँ बराबरको दूध बिक्री गरेको उल्लेख छ ।

मनकामनाले शेयर सदस्यलाई २ करोड ५० लाख ९८ हजार ४ सय ५६ रुपैयाँ कर्जा लगानी गरेको छ । ३ सय ७३ जना शेयर सदस्य रहेको संस्थाको १३ लाख ७३ हजार ६ सय शेयर पुँजी छ । संस्थामा बचत निक्षेप भने १ करोड ७३ लाख १४ हजार एक सय रहेको छ ।

संस्थाले आव २०७७/०७८ को वार्षिक कारोबारसहित भावी कार्य योजनाहरु प्रस्तुत गर्दै सभा सम्पन्न गरेको छ । बागमती प्रदेश सरकारका कृषि तथा पशुपन्छी मन्त्रालयका राज्यमन्त्री इन्द्रमाया गुरुङको प्रमुख अतिथ्यता तथा संस्थाका अध्यक्ष अर्जुनप्रसाद दहालको सभाध्यक्षतामा साधारणसभा भएको हो ।

साधारणसभाको अवसरमा सहकारीले दूध बिक्री गर्ने किसानलाई सम्मान गरेको छ । सबैभन्दा धेरै दूध बिक्री गर्ने ५ जनालाई दूधको क्यान पुरस्कार दिइएको छ । पुरस्कृत हुनेमा प्रथम प्रेमप्रसाद दहाल (३४ हजार ७ सय ८६.२), द्वितीय नरेन्द्र लम्साल (२४ हजार ४ सय ९२.३), तृतीय अर्जुनप्रसाद दाहाल (२४ हजार २ सय ६७.३ लि), चौथो उपेन्द्र प्रसाद दहाल (२० हजार

१.१) र जनजाति तर्फबाट बढी बिक्री गर्ने सानुकान्छा वाईबा (१६ हजार ९ सय ८९.७ लि.) रहेका छन् ।

सहकारीले गुणस्तर दूध बिक्री गर्ने अनिता सापकोटा, असल ऋणी राधिका अर्याल, बढी कारोबार गर्ने शुभद्रा बजगाई र मुकुन्द प्रसाद दहालसमेत पुरस्कृत भएका छन् ।

कार्यक्रममा बडा नम्बर ३ का बडा अध्यक्ष भागवत घिमिरे, सहकारीका सल्लाहकार बद्रीप्रसाद लम्साल, संस्थाका निवर्तमान अध्यक्ष कृष्णप्रसाद दहाल, पूर्व अध्यक्ष कृष्णप्रसाद पोखरेल, अनिरुद्धप्रसाद दहाल, सानाकिसान कृषि सहकारी संस्थाका अध्यक्ष निर्मला लम्साल, हिमाल बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष आनुका दहाल, भानु मबिका अध्यक्ष मानकुमारी पाण्डिन, गाउँपालिकाका पशुशाखा प्रमुख सत्यनारायण शाह, रानी सामुदायिक वन समूहका उपाध्यक्ष केशव घिताल, संस्थाका उपाध्यक्ष केदार प्रसाद लम्साल, लेखा समिति संयोजक भोलाप्रसाद दहाल लगायतको अतिथ्यता रहेको थियो ।



गोर्खाली ट्रेड एण्ड सप्लायर्स
हेटौंडा-४, रजतजयन्ती ,फोन: ९८४७७७१६६४, ९८४५०३१६६४

खुल्यो ! खुल्यो
नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै
लोकल कुखुरालगायत मासुको आइटमको मीठो स्वाद
अब होटल म्याक्समा
होटल MAX
हेटौंडा-३, बसामाडी, मो.नं. ९८४५०२५७२७

हार्दिक समवेदना

यस पौडेल सेवा समाज समितिका सदस्यहरु भास्कर पौडेल र दिवाकर पौडेलको ममतामयी माता **शोभाकुमारी पौडेल**को ९५ वर्षको उमेरमा असामयीक र अकल्पनीय स्वर्गारोहणले हामी अत्यन्तै मर्माहत भएका छौं । शोकको यस घडीमा धार्यीयारण गर्न सक्ने शक्ति मिलोस भनि भगवानसंग प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।
उत्तम पौडेल (अध्यक्ष)
पौडेल सेवा समाज समिति

हार्दिक बधाई तथा शुभकामना

मेरो आत्मीय भतिज **जावेद हुसेन** जामे मस्जिद समिति हेटौंडाको गरिमामय अध्यक्ष पदमा निर्वाचित हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँलगायत सम्पूर्ण कार्यसमितिलाई सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्दछौं ।

रूद्र ढकाल खान
केन्द्रीय महाधिवेशन प्रतिनिधि
नेपाली कांग्रेस मकवानपुर

साझाकुरा
www.sajhakuranews.com
"तपाईं, हामी सबैको कुरा "
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन श्रेष्ठपाण्डेद्वारा प्रकाशित, सम्पादकः सरला खनाल, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रणः सफल छापाखाना